## नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

Ministry of Federal Affairs and General Administration (MOFAGA)

सिंहदरबार, काठमाण्डौं

र

## काठमाण्डौं विश्वविद्यालय

Kathmandu University (KU)

धुलिखेल, काभ्रेपलान्चोक

बीच

संघ, प्रदेश र स्थानीय तहका कर्मचारीको क्षमता विकासका लागि प्राज्ञिक अनुसन्धान तथा शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धी

# समझदारी -पत्र

(Memorandum of Understanding)

२०७७ कार्तिक

सिंहदरबार, काठमाण्डौं

## प्रारम्भिक

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (यस पछि पहिलो पक्ष भनिएको) र काठमाडौं विश्वविद्यालय (यसपछि दोस्रो पक्ष भनिएको) बीच संघ, प्रदेश र स्थानीय तहका कर्मचारीको क्षमता विकासका लागि स्थानीय शासन, सङ्घीयता, सार्वजनिक व्यवस्थापन, सार्वजनिक नीति तथा विकास व्यवस्थापनका क्षेत्रमा स्वदेश भित्रै उच्च स्तरीय जनशक्तिको उत्पादन तथा विकास गरी सार्वजनिक क्षेत्रको संस्थागत क्षमता अभिबृद्धि गर्ने उदेश्यले व्यवसायिकता र पारस्परिक हितको सिद्धान्तमा आधारित भई आपसी सहकार्य तथा सहयोगको आदान प्रदान गर्न देहायको शर्तको अधीनमा रही यो समझदारी पत्रमा हस्ताक्षर गरिएको छ ।

समझदारीपत्रको आधारभूत मार्गदर्शनः

१. यो समझदारी पत्रले दुई पक्षबीचको आपसी सहयोग, समझदारी र सहकार्यको आधार तयार गर्नेछ।

२. यो समझदारी पत्रले कुनै कानूनी दायित्व सिर्जना गर्ने छैन ।

समझदारीपत्रको उद्देश्यः

यो समझदारीपत्रको उद्देश्य निम्नानुसार रहनेछ

१. सार्वजनिक नीति तथा सार्वजनिक व्यवस्थापनका क्षेत्रलाई आश्यक पर्ने गुणस्तरीय तथा सीपयुक्त जनशक्तिको उत्पादन तथा विकास गरी राष्ट्रको आर्थिक समाजिक रुपान्तरणमा योगदान गर्नु ।

२. सार्वजनिक व्यवस्थापनका क्षेत्रमा भएका ज्ञान, सीप र प्रविधिहरुको विकास विस्तार र उपयोगको लागि दुईपक्षबीच आपसी सहकार्य गर्नु ।

३. सार्वजनिक प्रशासनको व्यवस्थापकीय क्षमता सुदृढ गर्न सार्वजनिक प्राज्ञिक साझेदारीको स्थापना गर्नु।

४. सार्व्रजनिक क्षेत्रमा आवश्यक योग्य र सीपयुक्त जनशक्ति उत्पादन गर्न विश्वविद्यालयसँग सहकार्य गर्नु।

५. मुलुकको आर्थिक समाजिक बिकासको लागि आवश्यक जनशक्तिको माग र आपूर्तिबीच सन्तुलन गर्न विश्व विद्यालयसँग सहकार्य गर्नु ।

**पहिलो पक्षका जिम्मेवारीहरू**

१. नेपालमा सार्वजनिक नीति र व्यवस्थापनका विषयमा उच्च गुणस्तरका जनशक्ति उत्पादनको लागि दोस्रो पक्ष द्वारा सञ्चालित सार्वजनिक नीति र व्यवस्थापनमा स्नातकोत्तर (Master of Public Policy and Management) कार्यक्रमका लागि पहिलो पक्षबाट उपलब्ध हुन सक्ने ज्ञान, सीप तथा श्रोत सामग्रीहरु दोस्रो पक्षलाई उपलब्ध गराउने,

२. दोस्रो पक्षबाट संञ्चालन हुने सार्वजनिक नीति तथा व्यवस्थापन सम्बन्धी स्नातकोतर कार्यक्रममा योग्यता प्रणाली र प्रतिस्पर्धामा आधारित रही संघ, प्रदेश र स्थानीयतहमा कार्यरत जनशक्तिलाई सहभागी गराउन सहजीकरण, समन्वय र यस सम्बन्धी आवश्यक निर्णय गर्ने।

[redacted]

३. दोस्रो पक्षबाट संचालन हुने  बुदाँ नं. २ मा उल्लेखित स्नातकोतर पाठ्यक्रमलाई समायानुकूल र व्यवहारिक बनाउन समय समयमा पृष्ठपोषण प्रदान गर्ने ।
४. सार्वजनिक नीति तथा सार्वजनिक व्यवस्थापनका क्षेत्रमा गरिने अध्ययन अनुसन्धानमा सहकार्य गर्ने ।
५. संघ, प्रदेश र स्थानीय तहलाई उपयोगी हुने  गरी दोस्रो पक्षबाट सञ्चालन हुने अन्य स्नातकोत्तर कार्यक्रमको बिषयगत पाठ्यक्रम निर्माण गर्न आवश्यकतानुसार दोस्रो पक्षसँग सहकार्य गर्ने ।
६. दोस्रो पक्षबाट उत्पादन गरिएका  जनशक्तिलाई पहिलोपक्षको आवश्यकता र मागको आधारमा संघ, प्रदेश तथा स्थानीय तहका कार्यलयहरुमा ईन्टर्नसिपको रुपमा सहभागी गराउन सहजीकरण गर्ने ।

**दोस्रो पक्षका जिम्मेवारीहरूः**

१. दोस्रो पक्षले स्नातकोत्तर तहको आफूले सञ्चालन गर्ने सार्वजनिक नीति र व्यवस्थापन कार्यक्रमम (Master of Public Policy and Management) को पाठ्यक्रमलाई राष्ट्रिय आवश्यकता तथा रोजगारमुखी बनाउन पहिलो पक्षसँग सहकार्य गर्ने ।
२. शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दा असल नागरिक उत्पादन र श्रमबजारको आवश्यकतासँग मेल खाने गरी गर्ने।
३. सार्वजनिक नीति र व्यवस्थापनको स्नातकोत्तर कार्यक्रम सञ्चालन गर्दा सरकारी क्षेत्रलाई उपयोगी हुने जनशक्ति उत्पादन गर्ने ।
४. शैक्षिक कार्यक्रमहरुमा प्रयोग गरिने घटना विश्लेषण एवं अनुसंधानमा नेपालकै बिषयवस्तुलाई समावेश गर्ने।
५. नेपाल सरकारलाई उपयोगी हुने गरी सार्वजनिक नीति तथा व्यवस्थापनमा स्नातकोत्तर कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिने।
६. सार्वनिक तथा नीति व्यवस्थापनका पाठ्यक्रममा अनुसूची-२ मा उल्लेख भएका ऐच्छिक विषयहरुलाई समावेश गर्ने ।
७. पहिलो पक्षको आवश्यकता समेतका आधारमा बिषयगत क्षेत्रसँग सम्बन्धित अन्य स्नातकोत्तरका कार्यक्रमहरु सञ्चान गर्ने ।
८. दोस्रो पक्षले स्नातकोत्तर कार्यक्रममा आवश्यक पर्ने स्रोत व्यक्ति परिचालन गर्दा सरकारी क्षेत्रमा रहेको विज्ञतालाइ समेत उपयोग गर्ने।

**समझदारी पत्रसम्बन्धी अन्य व्यवस्थाः**

१. समझदारीको कार्यान्वयनबाट दुवै संस्थाको कुनै पनि नियमित कार्यमा हानि नपुऱ्याउने कुरामा दुवै पक्ष सहमत छन ।
२. यो समझादारीपत्र दुवै संस्थाको आधिकारिक अधिकारीबाट सहिछाप भएको मितिबाट कार्यान्वयनमा आउनेछ।
३. यो समझदारीपत्रको अवधि ५ (पाँच) वर्षको हुनेछ । आपसी सहमतिका आधारमा नवीकरण गर्न सकिनेछ।
४. यस समझदारीपत्रलाई आवश्यकतानुसार  पारस्परिक सहमतीको आधारमा परिमार्जन गर्न सकिनेछ ।

५. यो समझदारीपत्र अनुरुप पारस्परिक सहमतिमा सँगसँगै काम गर्न र पालना गर्न दुवै पक्ष एक आपसमा सहमत छन् ।

यो सम्झदारीपत्रमा मिति २०७७ कार्तिक १७ गते दुबै पक्षबीच हस्ताक्षर कार्य सम्पन्न भयो ।

प्रथम पक्ष

...................................

(एकनारायण अर्याल)

सचिव

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(MOFAGA)

दोस्रो पक्ष

...................................

(प्रा.डा. सुबोध शर्मा.)

रजिष्ट्रार

काठमाण्डौ विश्व विध्यालय

साक्षी

...................................

(डा. गोपी कृष्ण खनाल)

सहसचिव

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(MOFAGA)

...................................

डा. पुर्ण बहादुर नेपाली

सह प्राध्यापक तथा कार्यक्रम निर्देशक

काठमाण्डौ विश्व विध्यालय, स्कूल अफ मेनेजमेन्ट

(KUSOM)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ